# गैंडाकोट राजपत्र

खण्ड :०५ संख्या :४ मिति : २०७९/११/०३

## भाग □०१

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**गैंडाकोट नगरपालिकाको जलस्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९**

**प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६**

**प्रस्तावना**

यस गैंडाकोट नगरपालिकामा रहेको जलस्रोतको दिगो संरक्षण तथा सदुपयोग र लाभको न्यायोचित बाँडफाँड गर्दै जल एवं नदी प्रणालीसँग सम्बन्धित जलाधार, जलचर, पर्यावरण, जैविक तथा सांस्कृतिक विविधता र जीविकोपार्जनको संरक्षण तथा सम्वर्द्धन गर्न, जल प्रदुषण नियन्त्रण गर्न, जलस्रोतको उपयोगबाट प्राप्त लाभको न्यायोचित रुपमा वितरण गर्न, भावी पुस्ताले समेत जलस्रोतको न्यायोचित उपयोग गर्न पाउने कुराको सुनिश्चितता गर्न, जलउत्पन्न विपद व्यवस्थापन र प्रकोप न्यूनीकरण गर्न र जलस्रोतको एकिकृत व्यवस्थापन गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ र २२६ बमोजिम गैंडाकोट नगरपालिकाको १२ औं नगरसभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "गैंडाकोट नगरपालिकाको जलस्रोत व्यवस्थापन ऐन २०७९" रहेको छ ।

(२) यो ऐन गैंडाकोट नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अनुमतिपत्र" भन्नाले जलस्रोत उपयोगको लागि कुनै आयोजनाको विकास र सञ्चालन गर्न दिइने अनुमतिपत्रलाई जनाउँदछ ।

(ख) "आयोजना" भन्नाले जलस्रोतको उपयोग, संरक्षण र विकासको लागि सञ्चालन हुने कुनै आयोजना, कार्यक्रम वा संरचनाई जनाउँदछ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले जलस्रोतको दिगो संरक्षण, एकिकृत व्यवस्थापन र सदुपयोगका लागि स्थानीय समुदायले सामुदायिक रुपमा स्थापना गरी यस ऐन बमोजिम दर्ता भएको भएको जलउपभोक्ता संस्थालाई जनाउँदछ ।

(घ) "जल उत्पन्न विपद्" भन्नाले बाढी, पहिरो, डुबान, नदी कटान, ताल विष्फोट आदिका कारण उत्पन्न तथा सिर्जन हुने संकटलाई जनाउँदछ ।

(ङ) "जलस्रोत" भन्नाले वर्षात, नदी, खोला, खहरे, ताल, दह, नहर, कुलो, तलाउ, पोखरी, जलाशय, सीमसार, भू-सतह, भूमिगत वा अन्य कुनै अस्थामा रहेको पानीलाई जनाउँदछ र र सो शब्दले पानीको सबै प्रकारको मुहान वा स्रोतलाई समेत जनाउँछ ।

(च) "जल पर्यावरण" भन्नाले जलस्रोत, जलाधार क्षेत्र, नदी प्रणाली र त्यहाँ आश्रीत जलचर एवं जीव र तिनीहरु बीचको परस्परको अनुन्याश्रित सम्बन्धलाई जनाउँदछ ।

(छ) "जलाधार" क्षेत्र भन्नाले भू-सतह, भूमिगत वर्षात वा सबै प्रकारको जलस्रोत प्रावहित हुने निश्चित् भौगोलिक क्षेत्रलाई जनाउँदछ ।

(ज) "जलस्रोतको लाभदायी उपयोग" भन्नाले उपलब्ध स्रोत साधन र प्रविधिको प्रयोग गरी लाभ-लागतको विश्लेणको आधारमा अधिकतम् लाभ प्राप्त गर्न उत्तम तरिकाले जलस्रोतको उपयोग गने प्रक्रियालाई जनाउँदछ ।

(झ) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीवलाई जनाउँदछ ।

(ञ) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउने, पक्रने, मार्ने वा संकलन गर्ने कार्यलाई जनाउँदछ ।

(ट) "जलीय जैविक विविधता" भन्नाले नदी र तालमा रहने विविध पज्ञातिका प्राणी तथा वनस्पति र तिनीहरुको विकास चक्रसँग सम्बन्धित पारिस्थितिकीय (इकोसिस्टम) विविधिता, प्रजातिगत विविधता र आनुवंशिक विविधता समेतलाई जनाउँदछ ।

(ठ) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, ताल, तलैया, सिमसारमा रहका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदायलाई जनाउँदछ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिमकोलाई जनाउँदछ ।

(ढ) "पुनर्भरण" भन्नाले भूमितगत जलस्रोतको प्राकृतिक तहलाई यथास्थितिमा कायम राख्नको लागि भू-सतहबाट वर्षातको पानी बिना अरोध जमिन मुनि जाने वा पठाउने कार्यलाई जनाउँदछ ।

(ण) “बाँध” भन्नाले जलस्रोत उपयोगको लागि नदी वा खोलामा भौतिक संचरना निर्माण गरी पानीको परिमाण वा सतह वृद्धि गर्न निर्मित संरचनालाई जनाउँदछ ।
(त) “नदीताल्” भन्नाले नदी बगर तथा नदी आसपासको जमिनलाई जनाउँदछ ।
(थ) “नदी बेसिन” भन्नाले कुनै प्रमुख नदी, त्यसको सहायक नदी, सोसँग आवद्ध भूमिगत जलस्रोत, वर्षात वा वरफिलो अवस्था वा जुनसुकै स्वरुपमा रहेको जलस्रोत सोही नदी वा त्यसको सहायक नदीमा प्रावहित हुने निश्चित क्षेत्रलाई जनाउँदछ ।
(द) “लाभको समन्यायिक वितरण” भन्नाले सामुदायिक नदि वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्री वितरण, पर्यापर्यटन जस्ता माध्यामबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति सदस्यलाई समन्यायिक रुपमा वितरण गरिनेलाई जनाउँदछ ।
(ध) “संरचना” भन्नाले जलस्रोतको उपयोग वा व्यवस्थापन गर्न निर्मित बाँध, जलाशय, जलमार्ग, सुरुङ्ग, नहर, विद्युत गृह वा सोही प्रकृतिको अन्य संरचनालाई जनाउँदछ र सो शब्दले त्यस्तो संरचनाले ओगटेको जग्गा र सोमा जडित मेशिनरी एवं उपकरणलाई समेत जनाउँछ ।
(न) “सामुदायिक नदी वा ताल” भन्नाले स्थानीय समुदायले सामुहिक हितका लागि परम्परादेखि सामुहिक रुपमा भोग चलन गर्दै आएको नदी वाताललाई जनाउँदछ ।
(प) “सिमसार” भन्नाले भूमिगत जलश्रोत वा वर्षाका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ अथवा नुनिलो पानी भएको धापिलो वा दलदले जमिन, नदीबाट प्रभावित भूमि, ताल, पोखरी, जलाशय र कृषि भूमि समेतलाई जनाउँदछ ।

## परिच्छेद २
## जलस्रोतमाथिको स्वामित्व र अधिकार

**३. जलस्रोत माथिको स्वामित्व :** (१) जलस्रोत माथिको स्वामित्व नेपाल राज्यमा निहित रहनेछ र यसको उपयोग यस ऐन र प्रचलित कानून बमोजिम हुनेछ ।
(२) जलस्रोत सबै नागरिकको साझा स्रोत र सम्पदाको रुपमा रहने छ ।
(३) जलस्रोतको दिगो संरक्षण तथा एकिकृत र उचित व्यवस्थापन गरी वर्तमान र भावी पुस्ताले यसको समन्यायिक उपयोग गर्न पाउने गरी यस नगरपालिका र जलस्रोत उपयोग गर्ने सबै पक्षले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह गर्नु पर्नेछ ।

**४. जलस्रोत माथिको अधिकार :** (१) प्रत्येक व्यक्तिलाई विना भेदभाव खानेपानी, घरेलु उपयोग र जीविकोपार्जनका लागि सुरक्षित र राष्ट्रिय नीति तथा मापदण्डमा निर्धारण गरिए बमोजिम उपयुक्त परिमाणमा जलस्रोत प्राप्त गर्ने अधिकार हुनेछ ।
(२) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निजी क्षेत्रलाई खानेपानी सेवा आपूर्ति गर्ने अनुमतिपत्र दिइएको अवस्थामा पनि उपदफा (१) बमोजिमको खानेपानी सेवा उपलब्ध गराउने दायित्व यस नागरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ ।
(३) उपदफा (२) बमोजिमको दायित्व निर्वाहका लागि यस नगरपालिकाले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था वा अन्य उपयुक्त संस्थागत संयन्त्रबाट खानेपानी सेवा आपूर्ति गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

**५. जलस्रोतको व्यवस्थापन र उपयोग गर्ने अधिकार :** (१) यस ऐन र अन्य प्रचलित कानून बमोजिम आफनो अधिकार क्षेत्र अन्तर्गतको जलस्रोतको संरक्षण तथा व्यवस्थापन गर्ने र उपयोग अनुमति प्रदान गर्ने अधिकार यस नगरपालिमा हित रहनेछ ।
(२) उपदफा (१) बमोजिम जलस्रोतको संरक्षण, व्यवस्थापन र उपयोग गर्दा सोको दिगो संरक्षण, एकिकृत एवं उचित व्यवस्थापन र लाभदायी उपयोगसम्बन्धी आवश्यक कार्यहरु गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमका कार्यहरु गर्नको लागि नगरपालिकाले आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सम्बन्धित उपभोक्ता संस्था, समुदाय वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्नुपर्नेछ ।

**६. जलस्रोत उपयोगको अग्राधिकार तथा प्राथमिकताक्रम :** जलपर्यावरण तथा जैविक विविधता संरक्षण र स्थानीय आवश्यकता समेतलाई दृष्टिगत गरी यस नगरपालिमा रहेको जलस्रोत उपयोगको अग्राधिकार तथा प्राथमिकताक्रम साधारणतयाः देहाय बमोजिम हुनेछ :

(क) खानेपानी र घरेलु उपयोग,
(ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग,
(ग) सिँचाइ,
(घ) जलविद्युत,
(ङ) धार्मिक, सांस्कृतिक तथा वातावरण संरक्षण,
(च) आमोद-प्रमोद तथा पर्यापर्यटन,
(छ) जल यातायात,(ज) खानी तथा औद्योगिक उपयोग,
(झ) अन्य उपयोग ।

**७. प्राथमिकताक्रम र जलस्रोत उपयोगको परिमाणमा हेरफेर :** दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि सुख्खा, खडेरी, जलवायु परिवर्तन वा अन्य कुनै प्राकृतिक कारणले जलस्रोतको उपलब्ध परिमाणमा कमी आएमा सोही अनुपातमा जलस्रोत उपयोगको अग्राधिकार तथा प्राथमिकताक्रम वा उपयोग गर्न दिइएको अनुमति वा सहमति बमोजिमको जलस्रोतको परिमाणमा समन्यायिक आधारमा संशोधन वा हेरफेर गर्न सकिनेछ ।

तर सम्भव भएसम्म खानेपानी तथा घरेलु प्रयोजनको लागि उपयोग गर्न दिइएको जलस्रोतको परिमाणमा हेरफेर वा संशोधन गरिने छैन ।

**८. समुदायमा आधारित जलस्रोत व्यवस्थापन :** देहाय बमोजिम जलस्रोतको लाभदायी उपयोग र एकिकृत एवं उचित व्यवस्थापन गर्दा स्थानीय समुदायको सहभागिता, प्रथाजनित अभ्यास एवम् परम्परागत ज्ञान र सीपको प्रयोग सुनिश्चित् गर्नु पर्नेछ :

(क) सामुदायिक खानेपानी व्यवस्थापन
(ख) जलाधार तथा जलपर्यावरण र सिमसार संरक्षण
(ग) भू-सतह तथा भूमिगत जलस्रोतका मुहानको दिगो संरक्षण र व्यवस्थापन
(घ) सहभागितामूलक सिंचाइ प्रणालीको विकास र सञ्चालन
(ङ) आकाशे पानीको संकलन र प्रयोग
(च) जलस्रोतको सामुदायिक उपयोग सम्बन्धी अन्य कार्य

**९. जलस्रोतसम्बन्धी प्रथाजनित अभ्यास र परम्परागत ज्ञानको प्रवर्द्धन :** (१) खानेपानी, सिंचाइ, माछा पालन, धार्मिक तथा सांस्कृति कार्य आदिका लागि आदिवासी जनजाति र स्थानीय समुदायले सञ्चालन गर्दै आएका जलस्रोतको संकलन तथा सदुपयोग सम्बन्धी प्रथाजनित अभ्यासलाई यथावत रुपमा सञ्चालन गर्न पाउने छन् ।

(२) जलस्रोत संरक्षणसम्बन्धी आदिवासी जनजाति र स्थानीय समुदायमा रहेको परम्परागत ज्ञानको प्रवर्द्धनका लागि नगरपालिकाले सम्बन्धित समुदायको माग र आवश्यकताका आधारमा अनुदान तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जलस्रोत सम्बन्धी कार्य गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको जलस्रोतसम्बन्धी प्रथाजनित अभ्यास र परम्परागत ज्ञानमा प्रतिकूल असर पार्न पाइने छैन र कुनै कारणले प्रतिकूल असर परेमा सम्बन्धित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) आदिवासी जनजाति र स्थानीय समुदायको जलस्रोतसम्बन्धी प्रथाजनित अभ्यास र परम्परागत ज्ञानमा प्रतिकूल असर पर्नेगरी कुनै कार्य गर्नुपर्ने भएमा सम्बन्धित समुदायसँग स्वतन्त्र पूर्वसूचित सहमति लिनु पर्नेछ ।

**१०. खानेपानी आपूर्ति प्रणाली :** (१) नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र विभिन्न सेवा प्रदायक संस्थाका माध्यमबाट खानेपानी तथा सरसफाइ सेवाको आपूर्ति गरिनेछ ।
(२) खानेपानीको गुणस्तर मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।
(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समिति गठन तथा स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
(४) निजी क्षेत्रका सेवा प्रदायक संस्थाले खानेपानी तथा सरसफाइ सेवा आपूर्तिका लागि यस ऐन र प्रचलित कानून बमोजिम नगरपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।
(५) खानेपानीको महशुल निर्धारण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ र खानेपानी उपभोक्ता संस्थाहरुले लगाउने महशुलमा न्यूनतम रुपमा एकरुपता कायम गर्नका लागि नगरपालिकाले आवश्यक समन्वय गर्न सक्नेछ ।

**११. सिंचाइ जलस्रोत व्यवस्थापन :** (१) यस ऐन र प्रचलित कानून बमोजिम नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने सिंचाइ प्रणाली तथा आयोजना सञ्चालनका लागि नागरपालिकाले आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
(२) यस नगरपालिकाको क्षेत्रभित्र सिंचाइ प्रणालीको निर्माण र सञ्चालन गर्दा नगरपालिका र सिंचाइ जलउपभोक्ता संस्थाको बीचमा सहकार्य गरी संयुक्त सिंचाइ प्रणाली सञ्चालन गर्न सकिनेछ ।
(३) नगरपालिकाको क्षेत्रमा सिंचाइ प्रणाली तथा आयोजना सञ्चालन गर्दा सिचाइ जल उपभोक्ता संस्था मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्नुपर्नेछ ।
(४) सिंचाइ जल उपभोक्ता संस्थाको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था र सिंचाइ शुल्क संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## जलस्रोत सम्बन्धी संस्थागत व्यवस्था

**१२. अन्तरतह सम्पर्क तथा समन्वय :** (१) नगरपालिकामा सञ्चालन गरिने जलस्रोत सम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रियाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।
(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने जलस्रोत सम्बन्धी कार्यक्रममा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

**१३. नगर जलस्रोत समन्वय समिति :** (१) नगरपालिकाको जलस्रोत सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिन र प्रभावकारिता ल्याउन, जलस्रोत सम्बन्धी उपभोक्ता संस्था एवं संघ संस्था र निकायहरुसँग समन्वय कायम गर्न र जलस्रोतका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा सहजीकरण गर्न नगरपालिकामा देहाय बमोजिमको एक नगर जलस्रोत समन्वय समिति रहनेछः
(क) जलस्रोतसम्बन्धी विषय हेर्ने कार्यपालिकाका सम्बन्धित विषयगत समितिको संयोजक - संयोजक
(ख) नगर कार्यपालिका सदस्यहरु मध्येबाट १ जना महिला २ जना सदस्य - सदस्य
(ग) जलस्रोतसम्बन्धी उपभोक्ता संस्थाबाट एक जना महिला सहित २ जना प्रतिनिधि - सदस्य
(घ) जलस्रोतको क्षेत्रमा कार्यरत संघ संस्था र निजी क्षेत्रबाट १ महिला सहित २ जना

प्रतिनिधि - सदस्य

(ङ) नगरपालिकाको वातावरण शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगरपालिको कार्यपालिकाले गर्नेछ र निजहरुको पदावधी तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ र उक्त समितिलाई नगरपालिको कार्यपालिकाले जलस्रोतसम्बन्धी विषयमा आवश्यक जिम्मेवारी दिन सक्नेछ ।

(४) नगर जलस्रोत समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित निकायका प्रतिनिधि, जलस्रोत विषयका विज्ञ र सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

*** १३(क) खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन गर्न सक्ने :** १) नगर क्षेत्र भित्र रहेका खानेपानी तथा सरसफाई संस्थाहरुलाई एकिकृत रुपमा संचालन गर्न र एकरुपता कायम गरी नियमन गर्न नगर कार्यपालिकाले कार्यविधिमा व्यवस्था गरी एक खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

**१४. वातावरण शाखाले जलस्रोतसम्बन्धी कार्य गर्न सक्ने :** (१) नगरपालिकामा रहने वातावरणसम्बन्धी शाखाले जलस्रोत सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी जलस्रोतको एकिकृत व्यवस्थापनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यकता अनुसार जलस्रोत व्यवस्थापन शाखा स्थापना गरी आवश्यक मानव स्रोत र अन्य स्रोत साधनको प्रवन्ध गर्न सक्नेछ

(३) वातावरण शाखाले जलस्रोतसम्बन्धी कार्य सञ्चालन गर्दा नगरपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

**१५. जल उपभोक्ता संस्था गठन र दर्ता :** (१) नगरपालिका क्षेत्रमा सामुहिक प्रयोजन र हितका लागि संस्थागत रुपमा खानेपानी तथा सरसफाइ, सिंचाइ, सिमसार व्यवस्थापन तथा अन्य विभिन्न प्रयोजनका लागि जलस्रोतको उपयोग गर्न चाहने सम्बन्धित जल उपभोक्ताहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन, स्थापना र सञ्चालन गर्न सक्ने छन् ।

(२) जल उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(३) जल उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफनो छुटै छाप हुनेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेचबिखन गर्ने वा अन्य किसिमबाट व्यवस्था मिलाउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम जल उपभोक्ता संस्थाको गठन, स्थापना, दर्ता र सञ्चालनका लागि नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन तथा सहजीकरण गर्न सक्नेछ ।

(६) जल उपभोक्ता संस्थाको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालन र नियमनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

* प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६

## परिच्छेद ४
## जलस्रोत संरक्षण

**१६. जलस्रोतको सुरक्षा :** (१) सुख्खा, खडेरी वा जलस्रोतको अभाव हुन सक्ने अन्य अवस्थामा जलस्रोतको सुरक्षाका लागि देहाय बमोजिमका उपायहरु लागू गर्नु पर्नेछ :

(क) जलस्रोतको किफायती र समन्यायिक प्रयोग,
(ख) जलस्रोतको अनावश्यक प्रयोग वा दुरुपयोग रोकथाम,
(ग) वन, जलाधार र सिमसार क्षेत्रको संरक्षण गरी पानीका स्रोतको संरक्षण,
(घ) पानीका कुवा, पुराना धारा तथा पानीका अन्य परम्परागत स्रोतको संरक्षण,
(ङ) सामुहिक सिँचाइ प्रणाली र पानी बचत गर्ने प्रविधिको विकास र प्रयोग,
(च) बालीको प्रकृति अनुसार पानीको व्यवस्थापन,
(छ) न्यून वा कम पानी उपलब्ध हुने अवस्थामा पनि खेती गर्न सकिने बाली वा बाली प्रणालीको विकास,
(ज) भूमिगत जलस्रोतको पुनर्भरण गर्न सहयोगी हुने संरचनाको विकास,
(झ) माटो तथा पानीको संरक्षण र बचत ।

(२) जलस्रोतको सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन नगरपालिकाले अल्पकालिन तथा दृघकालिन योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ ।

**१७. जलस्रोतको दिगो संरक्षण :** (१) जलस्रोतको संरक्षणको लागि नागरपालिकाले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) प्रत्येक नदी तथा खोलानालामा अविरलरुपमा स्वच्छ पानी प्रवाह हुने अवस्था कायम गर्ने ।
(ख) नदी तथा खोलाको प्राकृतिक र स्वभाविक प्रवाहलाई अवरोध हुन नदिने उपाय लागू गर्ने
(ग) नदी तथा खोलाको बगर र किनारलाई स्वच्छ र सफा राख्न आवश्यक र उपयुक्त उपाय अवलम्बन गर्ने,
(घ) नदी, तालतलैया वा पोखरीको बहाव क्षेत्रमा कुनै पनि प्रकारले हस्तक्षेप र अतिक्रमण हुन नदिने,
(ङ) नदी तालतलैया, पोखरी, सिमसार र जलाधार क्षेत्रको जग्गामा घर टहरा वा त्यस्तै संरचना निर्माण र बसोवास गर्न निषेध गर्ने,
(च) पहिरो वा अन्य त्यस्तै प्राकृतिको कारणले नदी वा खोला थुनिएर पानीको बहाव रोकिइ उत्पन्न हुनसक्ने कृत्रिम तलाउबाट पानी निकासको लागि आश्यक व्यवस्था गर्ने,
(छ) नदी, खोला, खहरे, वर्षात वा बाढीको पानी प्रवाहलाई कुनै पनि प्रकारले अवरोध वा हस्तक्षेप हुन नदिने ।

(२) नदी, तालतलैया, सीमसार, जलपर्यावरण र जलाधारको संरक्षणका लागि नगरपालिकाले आवश्यक नीति तथा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित समुदाय वा निजी क्षेत्र मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।

**१८. जल पर्यावरणको संरक्षण :** नगरपालिकाले जलपर्यावरणको संरक्षण गरी सोको दिगो व्यवस्थापनका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) जलस्रोतको प्रकृतिक बहावलाई कुनै पनि तरिकाले प्रभावित नगर्ने र प्रभावित हुन नदिने,
(ख) नदीतल् तथा नदी किनाराको संरक्षण र सपुयोग गर्ने र गैह्रकानुनीरुपमा हस्तक्षेप गर्ने कार्यलाई निरुत्साहन गर्ने,
(ग) नदी तथा नदीतल् क्षेत्रबाट बालुवा, ढुङ्गा, गिटी झिक्ने कार्यलाई नियन्त्रण, नियनमन र व्यवस्थित गर्ने,
(घ) जलपर्यावरणलाई कुनै पनि प्रकारले प्रदुषित वा फोहोर वा दुरुपयोग हुन नदिने ।

**१९. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :** (१) जलस्रोत उपयोग गर्दा वातावरणलाई कसैले पनि उल्लेखनीय प्रतिकूल असर पार्न पाइने छैन ।

(२) यस ऐन बमोजिम जलस्रोत उपयोग गर्दा वातावरण संरक्षण सम्बन्धी पचलित कानूनको पालना गर्नु पर्नेछ ।

(३) जलस्रोत उपयोगका क्रममा तयार तथा स्वीकृत गरिएको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित व्यवस्थाहरुको पालना गर्नुपर्नेछ ।

**२०. जलस्रोतको गुणस्तर तोक्ने :** (१) नगरपालिका क्षेत्रमा रहेको जलस्रोतको गुणस्तर सुनिश्चितताका लागि नगरपालिकाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जलस्रोतको विभिन्न उपयोग सम्बन्धमा निर्धारण गरेका मापदण्ड लागु गर्न गराउनका लागि आवश्यक कार्यहरु गर्न सक्नेछ ।

(२) जलस्रोत उपयोगका लागि निर्धारण गरिएको राष्ट्रिय गुणस्तर मापदण्ड कायम गर्नु र सोको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२१. जलस्रोत प्रभावित गर्न नपाइने :** (१) विभिन्न भौतिक विकासका कार्यहरु गर्दा कुनै पनि अवस्थामा रहेको जलस्रोत र सोको प्राकृतिक वहावमा प्रतिकूल प्रभाव पार्न पाइने छैन ।

(२) भौतिक विकासका कार्यहरु गर्दा जलस्रोतमा प्रतिकूल प्रभाव पर्न नदिनका लागि हरसम्भव प्रयास र विकल्पहरुको उपयाग गरी जलस्रोत संरक्षण गर्नु पर्नेछ ।

**२२. नदी तथा जलस्रोतमा प्रदुषण गर्न नपाइने :** (१) नगरपालिका क्षेत्रमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जलस्रोतको प्रदुषण सहन सीमा लागु गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रदुषण सहन सीमा नाघ्ने गरी कसैले पनि कुनै पनि किसिमको फोहर मैला, औद्योगिक निष्कासन, घर तथा कार्यालयहरुबाट फोहर पानी वा फोहरमैला निष्काशन, जलस्रोत क्षेत्र अतिक्रमण, विष तथा विषादी, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न वा गराउन पाइने छैन ।

(३) कुनै पनि व्यक्ति, संस्था वा निकायले कुनै काम गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको प्रदूषित पानी (लिचेट) वा ढल नदि वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा अन्य कुनै पनि जलस्रोत, नदी तथा खोला र सिमसार प्रदूषित गर्न गराउन पाइने छैन ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा जलस्रोत उपयोग गर्दा तोकिएको गुणस्तर कायम भए नभएको सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले समय समयमा जाँच वा परीक्षण गर्दा वा गर्नका लागि नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्न सक्नेछ ।

(५) जलस्रोत प्रदुषण नियन्त्रणका लागि यस नगरपालिकाले अन्य छिमेकी तथा माथिल्लो वा तल्लो तटीय क्षेत्रमा रहेको स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरी संयुक्त योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ ।

(६) नगरपालिकाले आफै वा अन्य सहयोगी निकाय वा संघ संस्था तथा उपभोक्ता संस्थाहरुसँगको सहकार्यमा जलस्रोत प्रदुषणको अवस्था पहिचानका लागि तोकिए बमोजिम प्रयोशाला स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(७) कुनै जलश्रोत प्रदुषित भए नभएको वा कुनै जलश्रोत उपयोगको सम्वन्धमा दफा २०(१) वमोजिम तोकिएको गुणस्तर कायम भए नभएको सम्वन्धमा नगरपालिकाको समन्वयमा तोकिएको अधिकारीले आवश्यकता अनुसार जल परीक्षण गर्न गराउन सक्नेछ ।

**२३. फोहर पानी निष्काशनपूर्व प्रशोधन गर्नुपर्ने :** (१) विभिन्न तहबाट अनुमतिपत्र लिई यस नगरपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन भएका कुनै पनि किसिमका उद्योग तथा कलकारखानाहरुले आफूले

निष्काशन गर्ने फोहर पानीलाई उपयुक्त प्रविधिका माध्यमबाट प्रशोधन गरेर मात्र निष्काशन गर्नु पर्नेछ ।

(२) नगरपलिकाले तोकेको औधोगिक ग्राममा रहेका उद्योग तथा कलखानाहरुले उक्त उद्योग ग्राममा रहने फोहर पानी प्रशोधन केन्द्रमा पानी प्रशोधन गरेर मात्र निष्काशन गर्नुपर्नेछ ।

(३) फोहर पानी प्रशोधन गरी निष्काशन गर्नका लागि नगरपालिकाले उपयुक्त संस्थानमा आवश्यक जमिनको प्रवन्ध गर्नका लागि सहजीकरण गर्न सक्नेछ ।
तर उक्त जमिन र फोहर पानी प्रशोधन केन्द्रका लागि आवश्यक पर्ने लगानी भने सम्बन्धित उद्योगहरुले नै व्यहोर्नु पर्नेछ ।

**२४. जलस्रोत संरक्षण क्षेत्र घोषणा गर्न सकिने :** (१) नगरपालिकाले जलस्रोतको दिगो संरक्षण र एकिकृत व्यवस्थापनका लागि स्थानीय समुदायसँगको परामर्श र सहमतिमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै जलाधार वा उपजलाधार क्षेत्रलाई जलस्रोत संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा सो क्षेत्रमा निषेध गरिएका कार्यहरु समेत उल्लेख गर्नु पर्नेछ ।

**२५. जलस्रोतसम्बन्धी सूचना तथा तथ्यांक :** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका जलस्रोतसँग सम्बन्धित सूचना प्रवाह गर्न नेपाल सरकार र प्रदेश सरकारको समेत सहयोगमा आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित जलस्रोतसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जलस्रोतसँग सम्बन्धित सूचना प्रवाहका लागि नगरपालिकाले आवश्यक नीति तथा योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**२६. जलस्रोतको नक्शांकन र लगत :** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका जलस्रोत उपलब्ध हुने स्थानहरुको अतिक्रमण हुन नदिन र संरक्षणको सुनिश्चितता गर्नका लागि सबै जलस्रोत क्षेत्रहरुको निश्चित् मापदण्डका आधारमा तोकिए बमोजिम नक्शांकन गर्नु पर्नेछ ।

(२) नगरपालिकाले आफनो क्षेत्रमा रहेका प्रत्येक जलस्रोत, नदी बेसिन र अन्य क्षेत्रमा उपलब्ध जलस्रोत, सोको उपयोग र वितरण सम्बन्धी लगत राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जलस्रोतको लगत राख्दा देहाय बमोजिमका विवरणहरु अभिलेखित गरी राख्नु पर्नेछ :

(क) विभिन्न प्रयोजनको लागि उपयोग भएको जलस्रोत,
(ख) खण्ड (क) बमोजिम उपयोग वापत वितरण भएको जलस्रोत,
(ग) भू-सतह र भूमिगत अवस्थामा रहेको जलस्रोत,
(घ) अन्य विभिन्न अवस्थामा रहेको जलस्रोत ।
(ङ) जलस्रोतमा पहुँच र लाभको बाँडफाँडको अवस्था

(३) जलस्रोतको लगत राख्नका लागि नगरपालिकाले आवश्यक प्रणालीको विकास गर्न सक्नेछ ।

## परिच्छेद ५
## जलस्रोत व्यवस्थापनका आधारभूत मापदण्ड

**२७. नदी तथा नदी प्रणालीको संरक्षण र सदुपयोग :** (१) नदी, नदी प्रणाली र सोसँग सम्बन्धित पर्यावरणको दिगो संरक्षण तथा एकिकृत व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित जल उपभोक्ता संस्था र सेवा प्रदायकको हुनेछ ।

(२) प्रत्येक नदी तथा नदी प्रणालीमा अविरल रुपमा स्वच्छ पानी पव्राहको लागि आवश्यक र उपयुक्त उपायहरु लागू गर्नु पर्नेछ ।

(३) नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, जल उपभोक्ता संस्था, स्थानीय समुदाय, जलस्रोतसम्बन्धी सेवा प्रदायक संस्था र सम्बन्धित सरोकारवालाको समेत सहयोग र समन्वयमा नदीमा आधारित सभ्यताको संरक्षण र प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि नगरपालिकाले आवश्यक नीति तथा कार्यक्रम र योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**२८. आकाशे पानीको सङ्कलन, व्यवस्थापन र प्रयोग** : (१) पानीका अभाव हुन सक्ने नगरपालिकाको शहरी तथा ग्रामीण क्षेत्रमा पानीको आवश्यकता पूर्ति गर्न आकाशे पानीको सङ्कलन गर्ने विधि, प्रविधि र प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ ।

(२) आकाशे पानीको सक्कलन, व्यवस्थापन र प्रयोग सम्बन्धमा नगरपालिकाले आवश्यक नीति तथा योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आकाशे पानीको सङ्कलन, व्यवस्थापन र प्रयोग गर्न आवश्यक पर्ने क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रका वासिन्दाहरुलाई आकाशे पानीको सङ्कलन र प्रयोगका लागि सामुहिक वा एकल रुपमा अनुदान प्रदान गर्न र पर्यावरणमैत्री प्रविधि हस्तान्तरण गर्न सक्नेछ ।

**२९. जमिन र जलस्रोत उपयोगको अनुपात :** (१) सिँचाइ र कृषिको लागि जमिन र जलस्रोत उपयोगको अनुपात निर्धारण गर्दा जमिनको प्रकृति, बालीको प्रकार र उपलब्ध जलस्रोतको परिमाणलाई आधार मानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जमिन र जलस्रोत उपयोगको अनुपात निर्धारण गर्दा सामाजिक, आर्थिक र पर्यावरणीय मूल्य समेत अभिवृद्धि हुने गरी गर्नु पर्नेछ ।

(३) जमिन र जलस्रोत उपयोगको अनुपात निर्धारणका लागि नगरपालिका र सिंचाइ जलउपभोक्ता संस्थाले सम्बन्धित प्राविधिकको सहयोग तथा परामर्श लिन सक्नेछन् ।

**३०. जलस्रोत व्यवस्थापन पद्धत्ति :** (१) नगरपालिकाले जलस्रोतको दिगो संरक्षण र एकिकृत व्यवस्थापनका लागि समुदायमा आधारित जलस्रोत व्यवस्थापन पद्धत्तिलाई प्राथमिकता प्रदान गर्नेछ ।

(२) जलस्रोतको लाभदायी रुपमा व्यावसायिक उपयोगका लागि निजी क्षेत्रलाई अनुमति दिनु पूर्व उक्त अनुमति अनुसार जलस्रोतको उपयोग गर्दा सामाजिक-सांस्कृतिक र वातावरणीय प्रभाव नपर्ने र प्रभाव सम्बोधन गर्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ ।

**३१. जलस्रोत सम्बन्धी बाँधको सुरक्षा :** (१) जलस्रोतसम्बन्धी बाँधको सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित बाँध निर्माण तथा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त निकाय वा संस्थाको हुनेछ ।

(२) बाँधको निर्माण तथा सञ्चालन गर्दा सोको सुरक्षाको लागि देहायका उपयाहरु अवलम्बन गर्नु पर्नेछ :

(क) मानिस तथा जीवजन्तुको जीउधन, जीवजन्तुको वासस्थान, मानव, सम्पति र वातावरणको उचित् सुरक्षाको लागि बाँधमा हुने क्षति वा दुर्घनटनाबाट उत्पन्न हुनसक्ने सम्भावित परिणामको विषयमा आवश्यक जानकारी तथा सूचना दिने,

(ख) बाँधको सुरक्षित तरिकाले डिजाईन, निर्माण, सञ्चालन र पुनस्थापना गर्ने पक्षलाई प्रभाव पार्न सक्ने कुनै पनि प्रकारको प्राकृतिक वा अन्य जोखिम भए सोको पहिचान गर्ने,

(ग) बाँध र सोसँग सम्बन्धित संरचनाको डिजाईन, निर्माण, सञ्चालन र पुनर्स्थापना सम्बन्धमा अबलम्न गर्नु पर्ने आवश्यक र उपयुक्त शर्तको पालना तथा पूरा भएको सुनिश्चित् गर्ने,

(घ) बाँधको दुर्घटनाबाट उत्पन्न हुनसक्ने परिणाम र सोको सम्बोधनका लागि अवलम्बन गरिने नीति, प्रक्रिया र जिम्मेवारी बाँधको सुरक्षा व्यवस्थापन प्रणालीमा स्पष्ट रुपमा उल्लेख गर्ने,

(ङ) बाँधमा रहेको पानीको आपतकालिन निकास वा बाँधको सुरक्षाको लागि कुनै कार्य गर्दा उत्पन्न हुनसक्ने कुनै घटना वा बाँधको दुर्घटना रोकथाम वा संरक्षणको कार्य गर्दा त्यसबाट हुने क्षतिको न्यूनीकरणका लागि आवश्यक र उपयुक्त सबै उपाय अवलम्बन गर्ने,

(च) बाँध निर्माण तथा सञ्चालनको अवधिभर तत्परताका साथ प्रत्येक तहमा यथोचित् शतर्कता अवलम्बन गर्ने ।

(३) बाँधको सुरक्षा तथा व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक निर्देशन दिन वा समन्वय गर्न सक्नेछ ।

(४) बाँध दुर्घनटनाबाट हुन जाने क्षति वापत दिनुपर्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**३२. बाँधमा वातावरणीय सुरक्षा र जलचर आवागमन :** (१) नदीमा बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटीय क्षेत्रको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिने कुराको सुनिश्चितता गर्नुपर्नेछ ।

(२) बाँधबाट सुख्खा याममा नदि वा तालको पानीको न्यूनतम प्रवाहको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चत गर्नु पर्नेछ ।

(३) बाँध निमार्णको कार्य गर्दा मत्स्य भऱ्याङ निर्माण गर्न सम्भव वा व्यावहारिक नहुने अवस्था भएमा बाँध निर्माण गर्ने निकायले आफ्नो खर्चमा अनिवार्य रुपमा बाँधको तलबाट माछा र अन्य जलचर आवागमनको लागि बाँधको तल्लो तटबाट माछा र अन्य जलचर समाती बाँधको उपल्लो भाग वा माथिल्लो तटमा छाड्ने (क्याच र रिलिज) व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमाृजिमको उपाय अवलम्बन गरी जलचर आवागमनको व्यवस्था गर्दा चैत्र देखि श्रावण महिनामा दैनिक कम्तिमा एक पटक र अन्य महिनामा प्रत्येक हप्तामा दुई पटक गर्नु पर्नेछ ।

**३३. जलस्रोत सम्बन्धी संरचनाको सुरक्षा :** (१) जलस्रोतको उपयोगसँग सम्बन्धित आयोजना र सो सम्बन्धी संचरनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाबाट आयोजना र सो सम्बन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित अनुरोध भई आएमा नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकार समक्ष विशेष सुरक्षाको व्यवस्था मिलाउन सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा संरचनाको विशेष सुरक्षा व्यवस्था गरिएकोमा सोको लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ६
## नदी व्यवस्थापन र जलचर संरक्षण तथा सदुपयोग

**३४. नदीको वर्गीकरण :** (१) जलस्रोतको दिगो संरक्षण र एकिकृत व्यवस्थापन र लाभदायी उपयोगको लागि नगरपालिकाको क्षेत्रभित्र रहेका नदी तथा खोलालाई नेपाल सरकारले निर्धारण गरेको मापदण्डलाई समेत मध्यनजर गर्दै वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत नदी तथा खोलाको संरक्षण, सुरक्षा र सदुपयोग गर्ने दायित्व तथा जिम्मेवारी नगरपालिका र उक्त नदी वा खोलाको पानी उपयोग गर्ने पक्षको हुनेछ ।

**३५. नदी वेसिन योजना :** (१) नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारको समेत सहयोग र समन्वयमा नदी तथा नदी वेसिनमा उपलब्ध जलस्रोतको एकिकृत र दिगो व्यवस्थापन र लाभदायी उपयोगको लागि नदी बेसिन योजना तयार गरी लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नदी बेसिन योजना तयार गर्दा देहाय बमोजिमका विषयहरु समवेश गर्नु पर्नेछ :

(क) जलस्रोत उपयोग र बाँडफाँट सम्बन्धी आधारभूत सिद्धान्त,

(ख) जलस्रोत उपयोग गरी हाल सञ्चालनमा रहेका तथा प्रस्तावित आयोजना वा पूर्वाधार,

(ग) जलवायु परिवर्तन र जल उत्पन्न विपद्का कारण सिर्जना हुनसक्ने समस्याको व्यवस्थापनका लाग अलम्बन गरिने आवश्यक उपायहरु ।

(घ) सम्बन्धित क्षेत्रमा रहेका बासिन्दा र समुदायले हाल उपयोग गरिरहेको र भविष्यमा आवश्यक पर्न सक्ने पानीको परिमाण,

(ङ) सम्बन्धित नदी बेसिनमा उपलब्ध जलस्रोत र सोको दिगो तथा लाभदायी उपयोग ।

(३) नदी बेसिन योजना तयार गर्दा नगरपालिकाले अन्य उपदफा (२) मा उल्लिखित व्यवस्था बाहेक अन्य आवश्यक विषयहरु थप गर्न सक्नेछ ।

**३६. सिमसार संरक्षण :** (१) नगरपालिका क्षेत्रमा रहेका सिमसारहरुको व्यवस्थापन सम्बन्धित क्षेत्रका स्थानीय समुदायले गर्नुपर्नेछ ।

(२) सिमसार संरक्षण तथा व्यवस्थापन र सदुपयोगका लागि नगरपालिकाले सम्बन्धित स्थानीय समुदायलाई आवश्यक प्राविधिक र अन्य स्रोत साधन उपलब्ध गराउन सक्नेछ ।

(३) सम्बन्धित स्थानीय समुदायले सिमसार व्यवस्थापनका लागि आवश्यक आवधिक योजना तर्जुमा गरी नगरपालिका समक्ष समेत पेश गर्नुपर्नेछ ।

**३७. जलचरको संरक्षण :** (१) कुनै पनि सरकारी निकाय वा अनुमतिपत्र प्राप्त संस्थाले जलविद्युत, सिंचाइ, खानेपानी वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्दा वा पानी पर्काउने कार्य गर्दा जलचरको सरक्षण र आवागमनको लागि मत्स्य भऱ्याङ (फिस ल्याडर)को निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मत्स्य भऱ्याङ निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(३) जलचर संरक्षणको लागि फिस ल्याडर निर्माण गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) जलचरको संरक्षण गर्न चाहने स्थानीय समुदायले जलचर संरक्षण तथा व्यवस्थापन समूह गठन गरी आफनो क्षेत्रका जलचरको संरक्षण र सदुपयोग गर्न सक्नेछन् ।

**३८. जलचर ठेक्का :** (१) नगरपालिकाले आफ्नो लगानी तथा खर्चमा आफूले संरक्षण र व्यवस्थापन गरेको र आफनो स्वामित्व अन्तर्गतका जलस्रोतमा रहेका जलचर समाती वा पक्री बिक्री वितरण गर्न प्रचलित कानून बमोजिम ठेक्का लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जलचर ठेक्का दिदा स्थानीय वासिन्दाको जीविकोपार्जन र जलस्रोतमाथिको परम्परागत अधिकारमा प्रतिकूल प्रभाव पार्न पाइने छैन ।

**३९. स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने :** नगरपालिकाबाट अनुमती, हक, छुट, सुविधा, पट्टा वा पूर्जि प्राप्त गरी वा अरु कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई नगरपालिकाको क्षेत्र भित्रका नदी, नाला तथा तालतलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

तर जलचरमा जीवन निर्भर रहेका आदिवासी जनजातिले जैविक विविधता र जलचरमैत्री परम्परागत ज्ञानको उपयोग गरी माछा तथा प्रतिवन्ध नलगाइएका अन्य जलचरको उपयोग गर्नका लागि अनुमति लिनुपर्ने छैन ।

**४०. जलचर समात्न वा मार्न वा पक्रन अनुमति लिनुपर्ने :** (१) निजी जलस्रोत बाहेकको नगरपालिकाको क्षेत्राधिकार अन्तर्गत पर्ने जलस्रोतमा रहेका र संरक्षित जलचरको सूचीमा नपरेका जलचर समात्न वा मार्न वा पक्रन नगरपालिकाबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्र, अन्तर्राष्ट्रिय सूचीमा परेका सिमसार क्षेत्र, वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रमा रहेका नदी तथा ताल तलैया र सिमसारहरुमा माछा मार्ने अनुमति प्रदान गर्दा संरक्षित क्षेत्रसम्बन्धी कार्यालय र नगरपालिका बीचको समन्वयमा मात्र उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र दिदा जलचर समात्न वा मार्न प्रयोग गर्न सकिने विधि वा पदार्थ समेत खुलाउनु पर्नेछ ।

(४) कुनै जलचरलाई समात्ने, मार्ने वा पक्रने उद्देश्यले बाँध वा जलाशय वा फिस ल्याडर वा अन्य संरचनाको ढोका थुन्न वा भत्काउन पाइने छैन ।

(५) जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज पाँच सेन्टिमिटर ( पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) र सो भन्दा ठूलो प्वालको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न पाइने छैन ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नारायणी नदि बाहेक अन्य नदि, खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज दुईसेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आँखाको साइज र तिन सेन्टिमिटर (तीस मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि व्यक्तिले कुनै पनि प्रकारको जलस्रोतमा रहेको कुनै जलचरलाई समात्ने वा मार्ने मनसायले जानी जानी त्यस्तो जालस्रोत वा आसपासको क्षेत्रमा विद्युतीय धार (करेण्ट) वा विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न पाइने छैन ।

(८) जलचर समाउनका लागि दुवाली बुज्ने वा माहाजाल, करेण्ट जाल (गिल नेट) जस्ता औजार वा साधन प्रयोग गर्दा माछाका भूरा र माँउ माछा समते सवै साइजका माछा र अन्य जलचर मर्न सक्ने गरी वा तिनमा क्षति हुने गरी प्रयोग गर्नु हुँदैन ।

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन तोकेका संरक्षित जलचरहरु समात्न वा मार्न वा पक्रन पाइने छैन ।

तर निजी जलस्रोतका धनीले अरु जलचरलाई क्षति नहुने गरी विषालु पदार्थ बाहेक अन्य उपयुक्त जैविक तरिकाले आफ्नो निजी जलस्रोतमा रहेका जलचर समात्न वा मार्न स्वीकृती लिनु पर्ने छैन ।

(१०) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका जलचरको अवस्था अनुसार उपदफा (५) बमोजिमको संरक्षित सूचीमा परेका बाहेक अन्य जलचरलाई समेत संरक्षित जलचरको रुपमा सूचीकृत गरी संरक्षण गर्न सक्नेछ ।

(११) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ऋतु वा नदी वा तालमा कार्यपालिकाको इजाजत नलिई कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(१२) नगरपालिकाले आफनो क्षेत्रभित्रका कुन नदीनाला, ताल, तलैया वा सीमसार क्षेत्रमा रहेका सबै प्रजातिका माछा र अन्य जलचरको व्यवस्थित रुपमा अभिलखे तयार गरी राख्नु पर्नेछ ।

**४१. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः** (१) कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ विषादी, ब्याट्री, जालको आँखाको साइज दई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, माहाजाल र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न पाइने छैन ।

**४२. सामुदायिक नदी वा तालको निर्धारण र समुदायमा हस्तान्तरण :** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको नदी वा तालको कुनै भाग वा क्षेत्रलाई सामुदायिक नदी वा तालको रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै सामुदायिक नदी वा तालमा सामुदायिक जलचर संरक्षण समूहको माध्यमबाट नदी वा तालको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयागे गर्न तथा माछा लगायत अन्य जलचर समात्न, मार्न वा संकलन गरी बिक्री वितरण गर्न र अन्य माध्यामद्धारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी योजना पेश गरेमा नगरपालिकाले त्यस्तो नदी वा तालको कुनै भाग सामुदायिक नदी वा तालको रुपमा समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(३) नगरपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र सम्बन्धित समूहलाइ सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गर्दा गाँउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहको चाहना र व्यवस्थापन क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सामुदायिक नदी वा ताल स्थानीय समूहलाई हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले तोकिए बमोजिमको ढाँचामा सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) सामुदायिक जलचर संरक्षण समूहको योजना तर्जुमाका लागि नगरपालिकाले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(६) स्थानीय समुदायलाई हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको नगरपालिकाले अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(७) नगरपालिकाले समूहलाई सामदायिक नदी वा तालको व्यवस्थापन हस्तान्तरण पछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(८) यस ऐन बमोजिम कुनै नदी क्षेत्र वा ताल समूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्न हस्तान्तरण गरिएको कारणले मात्र नदी वा तालको स्वामित्व हस्तान्तरण भएको मानिने छैन ।

**४३. सामुदायिक नदी तथा जलचर संरक्षण समूहको गठन तथा दर्ता :** (१) कनुै नदी क्षेत्र वाताललाई सामुदायिक नदी क्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न र जलचर संरक्षण गर्न चाहने समुदायका सदस्यहरुले सामुदायिक नदी तथा जलचर संरक्षण समूह गठनका लागि नगरपालिका समक्ष लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिने नगरपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र तोकिए बमोजिमका व्यवस्थाहरु समावेश गरी सो समूहको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप सामुदायिक नदि वा तालका रुपमा समुदायलाई हस्तान्तरण हुने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहनेगरी एक समुह गठन गरी समुहको विधान सहित नगरपालिका समक्ष समूह दर्ता गराउन निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा प्रमखु प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

४४. **सामुदायिक नदी तथा तालमा जलचरको संकलन तथा बिक्री वितरण :** (१) समूहले आफ्नो योजना र विधान बमोजिम मात्र सामुदायिक नदी तथा तालमा रहेका माछा र प्रतिवन्ध नलगाइएका अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माछा लगाएत अन्य जलचर संकलन गर्ने कार्य गर्दा उक्त नदी वा ताल क्षेत्रमा समूहले नदी तथा जलचर सरंक्षण र पनुरुत्थानको कार्य समेत गर्नु पर्नेछ ।

(३) समूहले विधान अनुसार माछामा आधारित उद्यम संचालन गर्न सक्ने भएमा नगरपालिकाको स्वीकृति र सहयोग लिई त्यस्तो उद्यम संचालन गर्न सक्नेछ ।

४५. **विधान तथा योजना संशोधन :** (१) सामुदायिक नदी तथा जलचर सरंक्षण समूहले सामुदायिक नदी तथा जलचर व्यवस्थापन सम्बन्धी योजना र विधानमा समुहको साधारण सभाको निणर्य बमोजिम आवश्यकता अनुसार र समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले योजना तथा विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचरमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो सशोधन लागू नगर्न निदेर्शन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

४६. **सामुदायिक नदी तथा जलचर संरक्षण समूह संगठित संस्था हुने :** (१) सामुदायिक जलचर सरंक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सगठित सस्था हनेुछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दावेस्त गर्न सक्नेछ ।

४७. **समूहको कोष :** (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(घ) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,
(ङ) माछा तथा अन्य जलचरको बिक्री वितरणबाट प्राप्त रकम,
(च) जरिबानाबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समूहले सामुदायिक नदी वा तालको विकास र जलचर संरक्षणको निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य सामुदायिक हितको कार्यमा खर्च गर्न सक्नेछ ।

**४८. समूहको कोषको संचालन :** (१) समूहको कोष र खाता कोषाध्यक्ष सहित दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन संचालन हुनेछ ।

(२) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समुहको साधारण सभाले तोकेको लेखापरिक्षकबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति समूहले नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(५) नगरपालिकाले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

**४९. प्रतिवेदन दिनु पर्ने :** (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आर्थिक विवरण तथा सामुदायिक नदी वा तालको स्थिति र जलचरको संरक्षणको अवस्था समेत खुलाई आफनो क्रियाकलापको वार्षिक प्रतिवेदन नगर कार्यपालिकाका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा नगरपालिकाले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**५०. सामदुायिक नदी वा तालमा गर्न नहुने काम :** (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउन पाइने छैन :-

(क) नदी वा ताल मास्न र प्रतिवन्ध लगाईका संरक्षित माछा लगायत अन्य जलचर समात्न वा मार्न,

(ख) सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ग) जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न,

(घ) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(ङ) भू-क्षय हुने कुनै काम गर्न,

(च) नगरपालिकाको अनमुति बेगर माटो ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(छ) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(ज) नदी, खोला नाला र ताल तलाउमा विषादी प्रयोग गर्न र करेण्ट लगाउन,

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्न ।

**५१. विधान विपरीत काम गर्नेलाई सजाय :** सामदुायिक नदि वा तालमा समूहका कुनै सदस्यले विधान विपरीत हनेु कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त सजाय गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएमा बिगो समते असुल उपर गर्न सक्नेछ ।

**५२. सामुदायिक नदी वा ताल फिर्ता लिन वा पूनः हस्तान्तरण गर्न सकिने :** (१) यस ऐन बमोजिम हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा नगरपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरेको सफाई सन्तोषजनक पाइएका समुहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समुहको विधानको पूर्णपालना गर्ने शर्त गराई समुहको दर्ता खारेज गर्ने प्रक्रिया अत्य गरिने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समुहको हितको नाममा विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐन र प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्ने समुहलाई निरन्तरता प्रदान गरेकोमा सो समुहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा नगरपालिकाले निर्णय गरी समूहको दर्ता खारेज गरी सामुदायिक नदि वा ताल फिर्ता लिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने समूहले सम्बन्धित निकाय वा तहमा निवेदन गरी उक्त निर्णय बदर भएमा समूहले साविक बमोजिम आफनो कार्य सञ्चालन गर्न सक्नेछ र उक्त निर्णय सदर भएता पनि ताल तथा जलचर संरक्षणको दृष्टिकोणले समुदायलाई नै हस्तान्तण गर्न उपयुक्त भएमा समूह पूनरगठन गरी त्यस्तो सामुदायिक नदी तथा ताल क्षेत्र सोही समूहलाई पूनः हस्तान्तण गर्न सकिनेछ ।

**५३. नागरिकको अधिकार तथा कर्तव्य :** (१) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर मार्न वा समात्न यस ऐनको कुनै कुराले कुनै नागरिकलाई निषेध गरेको मानिने छैन ।

(२) जलचर तथा जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, सस्था वा निकायको कर्तव्य हुनेछ ।

(३) नगरपालिकाको अनुमति बेगर सामुदायिक नदी र सामुदायिक तालबाट ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, निस्कासन गर्न पाइने छैन ।

**५४. नदीजन्य पदार्थको उत्खनन व्यवस्थापन :** (१) नगरपालिकाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा) उत्खनन् सम्बन्धी कार्यका लागि अनुमति प्रदान गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून र नदीजन्य पदार्थ उत्खनन्, ओसार पसार र विक्री वितरण सम्बन्धी राष्ट्रिय मापदण्डको पालना गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य गर्दा गराउँदा नदीको प्राकृतिक अवस्थामा कुनै पनि किसिमको प्रतिकूल प्रभाव पर्ने कार्य हुन नदिने कुराको सुनिश्चितता गर्नुपर्नेछ ।

## परिच्छेद ७
## जलस्रोत उपयोग अनुमतिपत्र

**५५. जलस्रोत उपयोग अनुमतिपत्र लिनुपर्ने :** (१) यो ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको व्यावसायिक उपयोग तथा जलस्रोत सम्बन्धी अन्य कुनै काम गर्न गराउन पाइने छैन् ।

(२) नगरपालिको अधिकार क्षेत्रभित्र पर्ने जलस्रोतको व्यावसायिक उपयोग गर्न चाहने सङ्गठित संस्थाले अनुमतिपत्र प्राप्त गर्नका लागि नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

तर नगरपालिका आफैले जलस्रोतको उपयोग गर्दा अनुमतिपत्र आवश्यक पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम निवेदन गर्दा आवश्यक पर्ने पुँजी, प्राविधिक तथा व्यावसायिक क्षमता, अनुभव, निवेदनको ढाँचा, अनुमतिपत्र दस्तुर, आवश्यक कागजात, विवरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि जलस्रोतको उपयोग गर्न यस ऐन बमोजिम अनुमतिपत्र लिन आवश्यक पर्ने छैन :

(क) निजी जग्गामा भूसतह वा भूमिगत रुपमा रहेको निजी जलस्रोतको आफनो घरायसी रुपमा उपयोग गर्न,

(ख) उपभोक्ता संस्थाद्धारा सामुहिक तथा सामुदायिक खानेपानी आपूर्ति गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानी चक्की सञ्चालन गर्न,

(घ) व्याक्तिगत आवागमनको लागि स्थानीयस्तरमा डुङ्गा सञ्चालन गर्न,

(ङ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले समय समयमा अनुमतिपत्र लिन आवश्यक नपर्ने भनी तोके बमोजिमका अन्य उपयोग गर्न ।

स्पष्टिकरण : उपदफा (४) को खण्ड (क) को प्रयोजनको लागि "निजी जलस्रोत" भन्नाले कुनै व्याक्तिले स्थानीय सरकारलाई मालपोत वा भूमिकर तिरेको जमीनमा रहेको निजको हक भोगको ताल, दह, पोखरी, जलाशय वा प्राकृतिक अवस्थामा रहेको पानीको मूल समेतलाई जनाउँदछ ।

(५) उपदफा (४) को खण्ड (ख), (ग) र (घ) मा उल्लिखित प्रयोजनको लागि जलस्रोतको उपयोग गर्नु अघि नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

**५६. . जलविद्युत उत्पादन अनुमति :** (१) दफा ५५मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादनका लागि जलस्रोत उपयोगको अनुमतिपत्र सम्बन्धी व्यवस्था विद्युतसम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**(२)** जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धी अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछ ।

**५७. अनुमतिपत्र प्रदान गर्ने अधिकार** : (१) जलस्रोतको देहाय बमोजिमको उपयोगको लागि नगरपालिकाले अनुमतिपत्र प्रदान गर्न सक्नेछ :

(क) साना सिंचाइका लागि भूसतह वा भूमिगत अवस्थामा रहेको जलस्रोत उपयोग,

(ख) घरेलु उद्योगका लागि जलस्रोतको उपयोग

(ग) पशुपालन तथा मत्स्यपालनका लागि जलस्रोतको उपयोग

(घ) आफनो क्षेत्रभित्र मात्र पर्ने खोलानालामा पानी जहाज बाहेकका जल यातायातका लागि जलस्रोतको उपयोग

(२) नगरपालिकाले आफ्नो अधिकार बमोजिम अनुमतिपत्र प्रदान गर्नु अघि जलस्रोत र आयोजना क्षेत्र दोहोरो नपर्ने कुरा सुनिश्चित् गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय र परामर्श गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५८. जलस्रोत उपयोग सेवा शुल्क :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी जलस्रोत उपयोग गरी कुनै सेवा प्रदान गरेको भए त्यस्तो सेवा उपयोग गने उपभोक्ताबाट सेवा प्रदायकले नगरपालिकाबाट निर्धारित दरमा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सेवा उपयोग गरे बापत तिर्नु बुझाउनु पर्ने शुल्क नबुझाएमा वा त्यस्तो सेवा अनाधिकृत रुपमा उपभोग गरेमा वा सेवा दुरुपयोग गरेमा वा शर्त विपरीत त्यस्तो सेवा उपभोग गरेमा सेवा बन्द गर्न सकिनेछ ।

**५९. स्थानीय बासिन्दालाई प्राथमिकता प्रदान गर्नुपर्ने :** अनुमतिपत्र प्राप्त संस्थाले जलस्रोत उपयोग सम्बन्धी आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय समुदायका बासिन्दालाई निजको सीप र योग्यताका आधारमा रोजगारी लगायतका विषयमा सम्भव भएसम्म प्राथमिकता दिनु पर्नेछ ।

**६०. अनुमतिपत्र खारेज हुने अवस्था :** (१) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना सम्पन्न नगरेमा नगरपालिकाले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई लिखित निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पश्चात् पनि कार्यमा सुधार नभई देहायको अवस्था विद्यमान भएमा नगरपालिकाले जुनसुकै बखत अनुमतिपत्र खारेज गर्न सक्नेछ :

(क) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नु पर्ने कार्य समयमा सम्पन्न नगरेमा,

(ख) अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा,

(ग) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक हैसियत वा अवस्था नाजुक भई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कार्य पूर्ण र प्रभावकारी रुपमा सम्पन्न गर्न नसक्ने विश्वस्त आधार र प्रमाण भएमा वा

(घ) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो आदेशको पालना नगरेमा ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सफाई समेतलाई चिवार गरी अनुमतिपत्र खारेज गर्नु पर्ने स्पष्ट र बस्तुनिष्ठ आधार देखिएमा नगरपालिकाले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र खारेज गरिएमा त्यसरी खारेज गर्नु पर्नाको आधार र कारण समेत खुलाइ सोको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

## परिच्छेद ८
## भूमिगत जलस्रोत व्यवस्थापन

**६१. भूमिगत जलस्रोतको संरक्षण र उपयोग :** (१) नगरपालिकाले भूमिगत जलस्रोतको संरक्षण, व्यवस्थापन र उपयोगको लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) भूमिगत तहमा रहेको जलस्रोतको अवस्था र गुणस्तर परीक्षण गर्ने गराउने,

(ख) भूमिगत जलस्रोत उपयोग गर्न रोक लगाएको ठाउँ वा क्षेत्रमा भूमिगत जलस्रोत उपयोग गर्न अनुमतिपत्र नदिने,

(ग) जलस्रोतको पुनर्भरण गर्नु पर्ने भनी पहिचान गरिएका क्षेत्रमा सिमेन्ट वा कंक्रिटको प्रयोगलाई निरुत्साहन गर्ने र त्यस्तो क्षेत्रमा हानिकारक र रसायनिक पदार्थ निष्कासन गर्न निषेध गर्ने,

(घ) जलस्रोतको पुनर्भरण गर्नुपर्ने भनी पहिचान गरिएका क्षेत्रमा सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी ढलान वा कालोपत्रे सडक वा त्यसै प्रकृतिका संरचनाको निर्माण गर्न निरुत्साहन गर्ने,

(ङ) भूमिगत जलस्रोतको संरक्षण र सञ्चयको पूनर्भरण सम्बन्धी योजना तयार गरी विभिन्न स्थानीय समुदाय तथा सरोकारवाला मार्फत लागू गर्ने गराउने ।

(२) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्र, अन्तर्राष्ट्रिय सूचीमा परेका सिमसार क्षेत्र, वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रमा रहेको भूमिगत जलस्रोत उपयोग अनुमतिपत्र प्रदान गरी संरक्षित क्षेत्रसम्बन्धी निकाय र नगरपालिका बीच समन्वय गर्नपर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उपयोग भएको भूमिगत जलस्रोतको विवरण तथा तथ्याङ्क सङ्कलन गरी समय समयमा अद्यावधिक समेत गर्नेछ ।
(४) भूमिगत जलस्रोतको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६२. भूमिगत तहमा जलको सतह कायम राख्नुपर्ने :** (१) नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरी सुख्खा वा भावर क्षेत्र वा भूमिगत तहमा पानीको सतह घटिरहेको अन्य कुनै क्षेत्रमा समेत पानीको सतह कायम राख्न वर्षातको पानी जमिन मुनि पुनर्भरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।
(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले स्थानीय समुदाय मार्फत प्राकृतिक पोखरी संरक्षण तथा पूनरस्थापना र सिमसार संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।
(३) भूमिगत जल सतह कायम तथा वृद्धि गर्नका लागि जलउपभोक्ता संस्था, सामुदायिक वन उपभोक्ता समूह लगायतका विभिन्न स्थानीय समुदायले नगरपालिकाबाट प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

**६३. भूमिगत जलस्रोत उपयोगमा प्रतिबन्ध लगाउन सकिने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रदेश सरकार र नेपाल सरकारको मापदण्ड र निर्णयहरुलाई समेत मध्यनजर गर्दै नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास ठाउँ वा क्षेत्रमा भूमिगत जलस्रोतको उपयोग गर्ने कार्यलाई पूर्ण वा आंशिकरुपमा रोक लगाउन सक्नेछ :
(क) भूमिगत जलस्रोतको सतह वा सोको परिमाण वा गुणस्तरमा ह्रास आएमा वा सोको कारण भू-सतहमा जलस्रोतको उपलब्धतामा घटी वा कमी भएमा,
(ख) भूमिगत जलस्रोतको अत्यधिक उपयोगको कारण पानीको सतह घट्न गइ त्यस क्षेत्रमा जोखिम उत्पन्न भएमा वा हुनसक्ने सम्भावना भएमा,
(ग) भूमिगत जलस्रोतको अत्यधिक उपयोगबाट भूमिगत तहमा पानीको सञ्चितिमा कमी आएमा वा सञ्चित रहनु पर्ने सतह घट्न गएमा,
(घ) भूमिगत जलस्रोतको अत्यधिक उपयोगको कारण वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेमा,
(ङ) भूमिगत जलस्रोतको उपयोगको कारण आसपासको सिमसार क्षेत्र सुख्खा भई जलचर संरक्षणमा प्रतिकूल असर परेमा वा असर पर्न सक्ने अवस्था भएमा ।
(२) उपदफा (१) बमोजिम भूमिगत जलस्रोतको उपयोग गर्न रोक लगाएमा सो प्रयोजनको लागि त्यस्तो क्षेत्रमा भूमिगत जलस्रोत उपयोग गर्न दिइएको अनुमतिपत्र स्वतः रद्द हुनेछ र नगरपालिकाले अनुमतिपत्रवालालाई अनुमतिपत्र स्वतः रद्ध भएको मितिले पन्ध्र दिनभित्र सोको जानकारी दिनुपर्नेछ ।

## परिच्छेद ९
## जल उत्पन्न विपद जोखिम व्यवस्थापन

**६४. पूर्वसूचना प्रणालीको स्थापना :** (१) नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी जलवायु तथा मौसमसँग सम्बन्धित वास्तविकतामा आधारित पूर्वसूचना र जानकारी उपलब्ध गराउने पूर्वसूचना प्रणालीको विकास तथा सञ्चालन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको पूर्वसूचना प्रणालीबाट देहाय बमोजिमको सूचना तथा जानकारीहरु उपलब्ध गराउन सकिनेछ :
(क) केही समय पछिको मौसम सम्बन्धी पूर्वानुमान (नाउ कास्टिङ्ग) मौसम सम्बन्धी भविष्यवाणी,
(ख) पानी तथा बर्षातको कारण उत्पन्न हुन सक्ने बाढी, पहिरो, नदी कटान तथा जल उत्पन्न विपद् सम्बन्धी पूर्वसूचना र जानकारी,
(ग) अधिक तथा न्यून तामक्रम सम्बन्धी पूर्वानूमान र जानकारी,
(घ) हिमपात र सोसम्बन्धी सूचना र जानकारी,

(ङ) हावाहुरी, हुण्डरी, चक्रवात, घुम्रपात, असिना र चट्याङ सम्बन्धी सूचना र जानकारी ।

**६५. जल उत्पन्न विपद जोखिम नक्शांकन :** (१) नगरपालिकाले जल उत्पन्न विपद् जोखिम व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि नदी कटान, डुवान, बाढी, पहिरो र हिमताल विष्फोटबाट उत्पन्न हुनसक्ने संकटको आधारमा सम्भावित क्षेत्र जोखिम वर्गीकरण गरी सोको नक्साङ्कन तयार गरी आवश्यक योजना लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको नक्साङ्कनको आधारमा सम्भावित प्रभाव क्षेत्रका बासिन्दाको लागि सचेतना र पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**६६. जल उत्पन्न विपद जोखिम व्यवस्थापन :** (१) बाढी, पहिरो, डुवान, पटान, पहिरो आदि कारणले हुनजाने जल उत्पन्न विपद जोखिम व्यवस्थापनका लागि नगरपालिकाले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) जल उत्पन्न विपद जोखिमबाट बचाउनका लागि आपतकालिन बचाउका कार्यहरु गर्ने ।

(ख) जल उत्पन्न विपद जोखिम नियन्त्रण र न्यूनीकरणका कार्यहरु गर्ने ।

(ग) बाढी पहिरो क्षेत्रको वर्गीकरण गरी उच्च विपद जोखिम क्षेत्रमा प्राथमिकता दिने ।

(घ) जल उत्पन्न विपद जोखिम नियन्त्रण र न्यूनीकरणका कार्यहरु प्रभावकारी रुपमा सञ्चालनका लागि प्रभावित क्षेत्रका स्थानीय समुदाय परिचालन गरी जनसहभागिता बढाउने ।

(ङ) नदी उकास क्षेत्र, बगर तथा बाढी प्रभावित क्षेत्रको पूनरस्थापना गरी प्रभावित समुदाय मार्फत उपयोग गर्ने ।

(च) जल उत्पन्न विपद जोखिम व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरी जवाफदेहीता र जिम्मेवारी पुरा गर्ने गराउने ।

(छ) प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने र आवश्यकता अनुसार उद्धार कार्यदल परिचालन गर्ने ।

(ज) जल उत्पन्न विपद जोखिम व्यवस्थापनसम्बन्धी क्रियाकलापहरुको प्रभावकारिताका बारेमा नियमित अनुगमन तथा मूल्याङ्कन गरी योजनामा सुधार ल्याउने ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा नगरपालिकाले स्थानीय समुदाय, निजी क्षेत्र र छिमेकी स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(३) जल उत्पन्न विपद जोखिमबाट प्रभावित स्थानीय समुदायले यसको व्यवस्थापन तथा दिगो समाधानका लागि नरपालिकासँग आवश्यक सहयोग माग गर्न सक्नेछन् ।

(४) जल उत्पन्न विपद जोखिमबाट प्रभावित स्थानीय समुदायलाई नगरपालिकाले प्रचलित कानून बमोजिम राहत उपलब्ध गराउन र पूनर्स्थापनाका कार्यहरु गर्न सक्नेछ ।

**६७. जल उत्पन्न विपद जोखिम व्यवस्थापन र जलवायु अनुकूलन योजना बीच सामान्जस्यता :** (१) नगरपालिकाले जलवायु अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्दा जल उत्पन्न विपद जोखिम व्यवस्थापनलाई पनि अनुकूलन योजनामा मूलप्रवाहीकरण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले तर्जुमा र कार्यान्वयन गर्ने स्थानीय जलवायु अनुकूलन योजना र जल उत्पन्न विपद जोखिम व्यवस्थापन योजनाका बीचमा सामन्जस्यता, समन्वय र सहकार्य कायम गर्नुपर्नेछ ।

## परिच्छेद १०
## जलस्रोत व्यवस्थापनका लागि घर जग्गामा प्रवेश तथा प्राप्ति

**६८. घर जग्गामा प्रवेश गर्न सकिने :** (१) नगरपालिका वा जलउपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले जलस्रोतको उपयोगसँग सम्बन्धित योजना वा कामको सिलसिलामा कसैको घर वा जग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा जलउपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नगरपालिका वा अनुमतिपत्र प्राप्त संस्थाले न्यायोचित क्षतिपूर्ति दिनेछ ।

तर कुनै घर वा जग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँबुझ गन वा कुनै दुर्घनटनाबाट बचाउन पूर्वसूचना बिना पनि त्यस्तो कर्मचाारीले सम्बन्धित व्यक्तिको घर वा जग्गामा प्रवेश गर्न सक्नेछ ।

**६९. घर जग्गाको प्राप्ति र उपयोग :** जलस्रोतको उपयोगको लागि कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घर जग्गा प्राप्त गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र विस्थापितको पूनरस्थापना वा पूनरवास गराउने सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद ११
## कसुर, दण्ड सजाय, क्षतिपूर्ति र विवाद समाधान

**७०. कसुर र दण्ड सजाय :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी जलस्रोतको उपयोग गरेमा नगरपालिकाले उक्त अनुमतिपत्र खारेज गरी त्यस्तो व्यक्ति वा संस्थालाई तीन लाख देखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी निर्माण गरेको संरचना वा प्रणाली जफत वा बन्द गर्नेछ ।

(२) जलस्रोत प्रदुषण गर्ने उद्योग वा निकाय तथा संघ संस्था र व्यक्तिलाई प्रदुषणको प्रभावका आधारमा नगरपालिकाले पचास हजार देखि एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) र (२) बाहेक जलस्रोतका विषयमा हुने कसुर र दण्ड सजायसम्बन्धी व्यवस्था जलस्रोतसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**७१. क्षतिपूर्ति :** (१) जलस्रोतसम्बन्धी संरचनामा क्षति पुर्याए वापत प्रदान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) जलस्रोतमा गरेको प्रदुषण वा क्षतिका कारण हुन गएको क्षति वापत प्रभावित व्यक्ति वा समुदायले पाउने क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**७२. जलस्रोतसम्बन्धी स्थानीय विवाद समाधान :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने जलस्रोतसम्बन्धी स्थानीय स्तरका विवादका विषयमा मेलमिलाप तथा न्यायिक निरुपण गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

## परिच्छेद १२
## विविध

**७३. जलस्रोत योजना तर्जुमा र कार्यान्वयन** : (१) नगरपालिकाले जल उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थहरुसँग समन्वय, सहकार्य तथा परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको जलस्रोत व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले तर्जुमा गरेको जलस्रोत व्यवस्थापन योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नुपर्नेछ ।

(३) जलस्रोत व्यवस्थापन योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

**७४. संयुक्त जलस्रोत व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन :** (१) नगरपालिकाले यस ऐन बमोजिमका कार्यहरु र नगरपालिकाका जलस्रोतसम्बन्धी नीति तथा कार्यक्रम र योजनाको प्रभावकारी कार्यान्वयनका लागि माथिल्लो र तल्लो तटीय क्षेत्रमा रहेका स्थानीय तहसँग सहकार्य गरी संयुक्त जलस्रोत व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि सम्बन्धित स्थानीय तहहरुका बीच प्रदेश सरकारको मातहतमा एक संयुक्त जलस्रोत समन्वय समिति गठन गर्न सकिनेछ ।

**७५. जलस्रोतमा आधारित आमोद प्रमोद कार्यसम्बन्धी व्यवस्था :** (१) नगरपालिकाको क्षेत्रमा पर्ने नदी वा ताल तलैयामा आमोद प्रमोद वा आवागमनका लागि डुङ्गा सञ्चालन गर्ने निकाय, संस्था वा समुदायले नगरपालिकालाई सोको विवरणबारे जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नदी वा ताल तलैयामा आमोद प्रमोद वा आवागमनका लागि डुङ्गा सञ्चालन गर्दा नगरपालिकाले तोकेका मापदण्ड र अन्य आवश्यक सुरक्षा मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

**७६. सचेतना र क्षमता विकास :** नगरपालिकाले जलस्रोतको संरक्षण, एकिकृत व्यवस्थापन, सदुपयोग र लाभको न्यायोचित बाँडफाँडका लागि स्थानीय समुदाय तथा प्रभावित समुदायको सचेतना अभिवृद्धि र क्षमता विकासका लागि नियमित रुपमा आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**७७. व्यवसायिक समाजिक जिम्मेवारी :** (१) नगरपालिका क्षेत्रमा कुनै उद्योग वा नाफामूलक संस्थाले भूमिगत वा अन्य अवस्थामा रहेको जलस्रोत व्यावसायिक प्रयोजनका लागि उपयोग गरेमा सो उपयोगबाट वार्षिक रुपमा प्राप्त खुद मुनाफाको एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारीको रुपमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम प्राप्त रकममध्येबाट कम्तिमा पचास पतिशत रकम स्थानीय समुदाय मार्फत जलस्रोतको संरक्षण र एकिकृत व्यवस्थापनमा खर्च गर्नुपर्नेछ ।

**७८. निर्देशन दिन सक्ने :** नगरपालिकाले जल उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई जलस्रोत उपयोग गर्ने आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

**७९. विवरण उपलब्ध गराउने :** (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउनेछ :

(क) जल उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाको क्षेत्रमा रहेको जलस्रोत र परिमाण, गुणस्तर र लाभान्वित क्षेत्र जस्ता महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ ।

(३) नगरपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ ।

**८०. पुरस्कारसम्बन्धी व्यवस्था :** जलस्रोतको संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**८१. अधिकार प्रत्यायोजन :** नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८२. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**८३. बचाउ तथा खारेजी :** (१) नगरपालिकाले जलस्रोतका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।
(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

आज्ञाले,
मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत